## निम्न मध्ये कुनै एक स्थानमा गएर आफ्नो आवेदन पूरा गर्नका लागि व्यक्तिगत सहयोग प्राप्त गर्नुहोस्:

Dartmouth-Hitchcock Medical Center
Patient Financial Services/Main Mall
(डार्टमाउथ-हिच्कक मेडिकल सेन्टर,
पेसेंट फ़ाइनान्सियल सर्भिसेज/मेन मल)
One Medical Center Drive
Lebanon, NH 03756

Dartmouth-Hitchcock Concord
Financial Counselor (डार्टमाउथ-हिच्कक
कंकोर्ड फाईनान्सियल काउन्सेलर)/Level 1
253 Pleasant Street
Concord, NH 03301

Dartmouth-Hitchcock Manchester
Financial Counselors (डार्टमाउथ-हिच्कक
म्यानचेस्टर फाइनान्सियल काउन्सेलर)/
East & West Level 1
100 Hitchcock Way
Manchester, NH 03104

Dartmouth-Hitchcock Nashua
Financial Counselor (डार्टमाउथ-हिच्कक
नाशुआ फाइनान्सियल काउन्सेलर)/Level 1
2300 Southwood Drive
Nashua, NH 03063

Alice Peck Day Memorial Hospital
Registration/Financial Counselor
(हस्पिटल रेजिसट्रेसन/फाइनान्सियल काउन्सेलर)
10 Alice Peck Day Drive
Lebanon, NH 03766

Cheshire Medical Center
Registration/Cashiers Main Lobby
(चेसायर मेडिकल सेन्टर रेजिस्ट्रेशन/क्याशिअर)
580 Court Street
Keene, NH 03431

New London Hospital
Financial Counselors/Reception
(न्यु लन्डन हस्पिटल फाइनान्सियल काउन्सेलर)
273 County Road
New London, NH 03257

## हाम्रा बिरामी अधिवाचक (एडभोकेट) हरूमध्ये एक जनालाई फोन गर्नुहोस्:

(844) 647-6436.

## कृपया पूरा गरिएका आवेदनहरू निम्नमा पठाउनुहोस्:

Dartmouth-Hitchcock
Attn: PFS - Level 3 – FAA
One Medical Center Drive
Lebanon, NH 03756-0001

Alice Peck Day Memorial Hospital
Attn: PFS
10 Alice Peck Day Drive
Lebanon, NH 03766

Cheshire Medical Center
Attn: PFS – FAA
580 Court Street
Keene, NH 03431

New London Hospital
Attn: Financial Counselor
273 County Road
New London, NH 03257

Dartmouth-Hitchcock Health

dartmouth-hitchcock.org/assistance

# वित्तीय सहायता नीति




Dartmouth-Hitchcock Health

# के तपाईंलाई डार्टमाउथ-हिच्कक, एलिस पेक डे मेमोरियल हस्पिटल, चेसायर मेडिकल सेन्टर वान्यु लन्डन हस्पिटल मा आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक स्याहारको लागि आफ्नो बिल भुक्तानी गर्न सहयोग आवश्यक छ?

## तपाईँ आर्थिक सहयोगका लागि योग्य हुन पनि सक्नुहुन्छ।

डार्टमाउथ-हिच्कक, एलिस पेक डे मेमोरियल हस्पिटल, चेसायर मेडिकल सेन्टर वा न्यु लन्डन हस्पिटल ले योग्य ठहरिएका बिरामीहरूलाई उपलब्ध गराउने आपतकालीन वा अन्य चिकित्सकीय रूपमा आवश्यक सेवाहरूनि:शुल्क वा सहुलियतमापरोपकार स्याहार उपलब्ध गराउंछ । वित्तीय सहायताको लागि योग्य ठहर गरिएका बिरामीहरूलाई आपतकालीन वा अन्य चिकित्सकीय रूपमा आवश्यक समान स्याहारको लागि बीमा गरिएका अन्य बिरामीहरूलाई सामान्यतया बिल गरिने रकमभन्दा बढी शुल्क लगाइनेछैन।

## D-HH को वित्तीय नीति

डार्टमाउथ-हिच्कक, एलिस पेक डे मेमोरियल हस्पिटल, चेसायर मेडिकल सेन्टर वा न्यु लन्डन हस्पिटल ले व्यक्तिहरूको भुक्तानी गर्ने क्षमता, वित्तीय वा सरकारी सहायताको योग्यता, उमेर, लिङ्ग, जाति, आप्रवासन स्थिति, यौन झुकाव वा धार्मिक सम्बद्धतालाई वास्ता नगरि उहाँहरूलाई आपतकालीन चिकित्सा अवस्थामा स्याहार र चिकित्सकीय रूपमा आवश्यक सेवाहरू उपलब्ध गराउँछ। हामी निम्न व्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गर्दछौँ जो, (i) न्यु ह्याम्पसायर वा भरमोन्टका वासिन्दाहरू हुन्, वा सो क्षेत्रमा हुँदा आकस्मिक चिकित्साको परिस्थिति आइपरेका गैर-वासिन्दा हुन्; जसको बीमा छैन वा जसलाई स्वास्थ्य बीमा हुँदा पनि कटौतीहरू, सहभुक्तानीहरू र सह-बीमाजस्ता गोजी बाहिरका खर्च बेहोर्नका लागि आर्थिक सहयोग आवश्यक हुन्छ; जो कुनै पनि सरकारी स्वास्थ्य स्याहार लाभ कार्यक्रमका लागि अयोग्य छन्; र जसले हाम्रो आर्थिक सहयोग नीतिमा व्याख्या गरिएका आर्थिक योग्यता मापदण्डहरू पूरा गर्छन् । हाम्रो आर्थिक नीतिमा अगाडि व्याख्या गरिएअनुसार स्थानीय अवस्थाहरु अथवा बहिस्करणहरू लागू हुन सक्छन्। आर्थिक सहयोग प्राप्त गर्ने वा भुक्तानीका अन्य स्रोतहरूमा पहुँचका प्रक्रियामा बिरामीहरूले सहयोग गर्ने, र क्षमता अनुसार आफ्नो स्याहार सुसारको खर्च योगदान गर्ने अपेक्षा गरिन्छ। आफ्नो समग्र स्वास्थ्यका लागि लाभदायी हुनुका साथै आफ्ना व्यक्तिगत सम्पत्तिहरूमा सुरक्षा दिन स्वास्थ्यस्याहारमा पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य बीमा खरीद गर्न सक्ने व्यक्तिहरूले, त्यस्तै गर्ने अपेक्षा गरिन्छ।

## वित्तीय सहायताको लागि कसरी र कहिले आवेदन दिने?

तपाईँले आफ्नो स्याहार हुँदै गर्दाको कुनै पनि समयमा वा त्यसपछिको (रकम) सङ्कलन चक्रको अवधिमा मा आवेदन गर्न सक्नुहुन्छ। तथापि, हामी आवेदनहरू एपोइन्टमेन्ट (भेटवार्ताको समय) अघि नै पूरा गरियून् भनी प्रोत्साहित गर्दछौँ। बिरामीका अधिवाचकहरूले तपाईँलाई बीमा कभरेज वा अन्य स्रोत पहिचान गरी आवेदन गर्न वा आर्थिक सहयोगका लागि आवेदन पूरा गर्न सहयोग गर्न सक्नेछन् । अन्य सबै कभरेजका विकल्पहरू सकिएको अवस्थामा पनि यदि तपाईँ माथि बक्यौता रह्यो भने , तपाईं आर्थिक सहयोगका लागि योग्य हुन सक्नुहुन्छ। आवेदन फाराम व्यक्तिगत रूपमा, टेलिफोनमार्फत वा तल दिइएको वेब लिङ्क मार्फत अनुरोध गर्न सकिनेछ।

## छूट दर

यदि तपाईँ आर्थिक सहयोगका लागि योग्य हुनु भएन भने पनि, हाम्रो नीति अनुसार तपाईँ अबीमित छूट वा अन्य छूटहरूका लागि योग्य हुन सक्नुहुनेछ। यो अबीमित छूट बिरामीलाई बिजक गर्नु अगावै वा कुनै आर्थिक सहयोग समायोजनका लागि आवेदन गर्नु अगावै लागू गरिन्छ। यो छूट आन्तरिक राजस्व कोड को खण्ड ५०१(आर) लागू गर्ने लागूयोग्य नियमनहरू अन्तर्गत "सम्भावी मेडिकेयर" विधिमा आधारित छ। सुविधाअनुसार छूटका दरहरू भिन्न हुन सक्छन्।

## वित्तीय सहायता कसरी निर्धारण गरिन्छ?

तपाईंले प्राप्त गर्ने वित्तीय सहायताको रकम संघीय गरिबी मार्गदर्शनहरूको तुलनामा तपाईंको समग्र कुल आम्दानी र सम्पत्तिमा आधारित हुन्छ। तपाईँ योग्य हुनसक्नुहुन्छ यदि : तपाईँको परिवारको आय Department of Health and Human Services (एचएचएस) ले जारी गरेको संघीय गरिबी सीमाको ३००% मा वा सोभन्दा तल छ; वा तपाईँलाई आफ्नो सम्पत्ति, तरल सम्पत्ति र अन्य उपलब्ध स्रोतहरूले आफ्नो स्याहारको खर्च धान्न सक्दैनन् भन्ने लाग्छ भने। तपाईंको पूरा भएको आवेदनका साथै, हामी तपाईं सहायताको लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्नको लागि तपाईंको आम्दानी, सम्पत्ति र चिकित्सा खर्चहरू प्रमाणित गर्ने कागजातहरू माग्न सक्छौं। हाम्रो नीति अन्तर्गत तपाईंको आवेदन र सबै सहायक जानकारीको प्राप्तिको 30 दिन भित्रमा तपाईंको अनुरोध स्वीकार वा अस्वीकार गरिएको छ भनी तपाईंलाई सूचित गरिनेछ। तपाईँको अनुरोधमा एउटा आर्थिक आवेदन फाराम वा आर्थिक सहयोग नीतिको एक प्रति तपाईँलाई नि:शुल्क प्रेषित गरिनेछ। साथै, यी कागजातहरू र यो सांराश हाम्रो वेबसाइट dartmouth-hitchcock.org/billing-charges/financial_assistance.html वा cheshiremed.com/patients_visitors/financial_ assistance.html मा उपलब्ध छन्।

यी दस्तावेजहरू निम्न भाषाहरूमा पनि उपलब्ध छन् : स्पेनिस, फ्रान्सेली, पुर्तगाली, चिनियाँ, ग्रीक,, भियतनामी, नेपाली, अरबी र रुसी ।